स्वावलम्बन Self-reliance
शहरी गरीवहरुको लागि समाज (सुप) द्वारा प्रकाशित
वर्ष १५ अंक २०
वि.सं. २०७३ भाद्र/ने.सं. ११३६/ई.सं. : २०१६

## "सुप" सहयोगी सदस्य परिचय



रघुराम श्रेष्ठ

शहरी गरीबहरूको लागि समाज (SOUP) बाट आर्थिक रूपले विपन्न, विभिन्न पारिवारिक समस्या तथा अन्य कारणले विद्यालय जान नपाएका भाइबहिनीहरू लाई समेटी बाल शिक्षा गृह संचालनमा सहयोग गरिरहेको कुराबाट म ज्यादै प्रभावित भएको छु। साथै आर्थिक अवस्था कमजोर भएका महिला समुहलाई संगठीत गरी "बचत तथा ऋण समुह" बनाई उनीहरूको जीवनस्तर सुधार गर्ने काम तथा महिलाहरूलाई "जैविक कृषि तालिम" दिई महिलाहरूको व्यक्तिगत तथा सामुहिक रूपमा तरकारी खेती गरी उनीहरूको आय आम्दानी बढाउने तर्फ पनि "सुप" बाट काम भैरहेकोमा पनि त्यस संस्था प्रति आभार प्रकट गर्न चाहन्छु। "सुप" संस्थाबाट संचालित विभिन्न सामाजिक कार्यमा संलग्न भई समय दिन नसके पनि सहयोगी सदस्य भई निरन्तर सानो आर्थिक सहयोग गर्न पाउँदा मलाई ज्यादै खुशी लागेको छ। अन्तमा "सुप" संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै अझ बढी सामाजिक कार्यमा पूर्ण सफलता मिलोस् भनी भगवान श्री पशुपतिनाथसंग कामना गर्दछु।



मनकर्णिका तुलाधर

मलाई यस "सुप" संस्थाको कार्यक्रममा सहभागी हुने मौका दिनुभएकोमा सम्पूर्ण "सुप" सहयोगीहरू, "सुप" शुभचिन्तक लगायत "सुप" परिवार प्रति धन्यवाद एवं आभार प्रकट गर्न चाहन्छु। हुन त मैले "सुप"लाई ठूलो सहयोग त गर्न सकेको छैन तर सानो सहयोगका लागि पनि "सुप" परिवारले देखाउनु भएको कृतज्ञताको लागि म उहाँहरूप्रति कृतज्ञ छु।
"सुप"ले शहरी गरीवहरूकोलागि विभिन्न क्षेत्रमा काम गर्दै आईरहेको कुरा त पहिले देखि नै सुन्दै आएको थिएँ। कुराहरू सुन्दा सुन्दा आफुलाई पनि केही गर्न पाए हुन्थ्यो भन्ने मनमा इच्छा जागृत हुदै आयो। एकदिन मैले मेरो इच्छा गुजेश्वरी दिदीसंग प्रकट गरें। उहाँले खुशी हुँदै मेरो सानो सहयोग स्वीकार गर्नु भयो र म पनि वि.सं.२०६३ साल देखि "सुप"को सहयोगी सदस्यको रूपमा सहयोगको शुरुआत गर्न थालैं। मैले यस कार्यलाई निरन्तरता प्रदान गर्ने नै छु।
म "सुप"को कार्य प्रति पूर्ण सन्तुष्ट छु र मेरो सहयोग सही ठाउँमा प्रयोग भएको मैले महशूस गरेको छु। हुन त म जागिरे महिला पनि होइन तर घरखर्च कै केही रकम जर्गेना गरी सहयोग गर्ने गरेकी छु। इच्छा भए व्यवस्थापन हुँदो रहेछ भन्ने प्रमाणित भएकोछ। अतः म सामाजिक सेवामा केही सहयोग गर्न चाहने महानुभावहरूलाई इच्छा जगाउन अनुरोध गर्न चाहन्छु।
अन्तमा, "सुप"ले हामी जस्ता आफै अघि नसर्नेहरूकोलागि पनि सहयोग गर्ने शुभ अवसर हामीलाई दिनु भएको छ। भविष्यमा हामीजस्ता थुप्रै अरू गृहणीहरूले पनि यो अवसरको उपयोग गर्ने छ र "सुप"को सहयोगी सदस्य बन्ने छ भन्ने विश्वास मैले लिएको छु। पुनः एक पटक "सुप"का सम्पूर्ण सदस्यहरू साथै विशेष रुपले म गुजेश्वरी दिदीलाई धन्यवाद दिन चाहन्छु किनकी यो सेवा गर्ने अवसर उहाँकै प्रेरणाबाट मैले पाएकी हुँ। धन्यवाद !

## भुकम्पपछिको जीवनस्तर उठाउन आय आर्जनमा सहयोग

वि.सं. २०७२ साल बैशाख १२ र २९ गते गएको विनासकारी भुकम्पबाट क्षति पुगेका र बिशेष महिलाहरूलाई लक्षित गरी GIZ को सहयोगमा, "सुप" को कार्य क्षेत्र भित्र पर्ने काठमाडौं र ललितपुरमा ५ महिने परियोजना सुरु गरियो। जस अन्तर्गत भुकम्प पिडीत महिलाहरू जसले भुकम्पका कारण आफूले गर्दै आएको आय आर्जनको काम रोक्नु परेको वा त्यसलाई अगाडी बढाउन नसकेको अवस्थामा थियो, उनीहरूको त्यस कामलाई अघि बढाउन आवश्यक सामानको सहयोग गरी पुनः आय आर्जनमा संलग्न गराईयो र बजार ब्यवस्थापनका तालिमहरू पनि प्रदान गरियो। उक्त सहयोगले जम्मा १३३ जना लाभान्वित भएका छन् जसले गर्दा, गर्दै आएको काम निरन्तर रूपमा संचालन गर्न मद्दत मिलेको छ।

विभिन्न आय आर्जनका कामहरू जस्तैः सिलाई, बुनाई, मुर्तिकला, खेतीपाती, साबुन बनाउने, जुत्ता बनाउने, अचार बनाउने, आलु चिप्स बनाउने, खाद्यान्न पसल, क्याटरिङ्ग सर्भिस गरी १० वटा आय मुलक कामहरूमा संलग्न व्यक्ति तथा समुहहरूलाई सहयोग गरियो। यस परियोजनाको संख्या पछाडी उल्लेख गरिएको छ।

..... बाँकी २ पेजमा

## भुकम्पपछिको जीवनस्तर उठाउन आय आर्जनमा सहयोग






### लाभान्वित संख्याको विवरण :

| क्र.स. | आय आर्जनका कामको विवरण | व्यक्ति/समुह | लाभान्वित संख्या |
|---|---|---|---|
| १ | जुत्ता बनाउने | १ समुह | ५ जना महिलाहरू |
| २ | बुनाई | ६ जना | ६ जना महिलाहरू |
| ३ | सिलाई | ६ जना | ६ जना महिलाहरू |
| ४ | साबुन बनाउने | २ वटा समुह | ६ जना महिलाहरू |
| ५ | अचार बनाउने | २ वटा समुह | ११ जना महिलाहरू |
| ६ | मुर्तिकला | २ जना | २ जना पुरुषहरू |
| ७ | खाद्यान पसल | ७ जना | ७ जना महिलाहरू |
| ८ | खेतीपाती /कृषि | ४ जना | ४ जना महिलाहरू |
| | | १ वटा समुह | ३ जना महिलाहरू |
| ९ | क्याटरिङ्ग सर्भिस | १ वटा समुह | ८० जना महिलाहरू |
| १० | आलु चिप्स बनाउन | १ वटा समुह | ३ जना महिलाहरू |
| जम्मा | | | १३३ जना |

यसका साथै यस परियोजना अन्तर्गत विभिन्न महिला समुहहरूका लागि आघात न्यूनीकरणका तालिमहरू पनि प्रदान गरियो।








## सहयोगी सदस्य श्री कुलभक्त शाक्यज्यूलाई हार्दिक धन्यवाद !

वि.स.२०६२ सालदेखि नै “सुप” सहयोगी सदस्य भई “सुप”लाई निरन्तर सहयोग गर्दै आइरहनु भएका “सुप” सहयोगी सदस्य श्री कुलभक्त शाक्यज्यूबाट वि.सं. २०७२ आश्विन महिनामा “सुप”को आवश्यकता महशूस गरी “सुप”लाई कम्प्यूटर र फोटोकपी सहितको प्रिन्टर एक-एक थान प्रदान गर्नु भयो। उहाँको यो भावपूर्ण सहयोगले “सुप”को दैनिक कार्यमा थप उर्जा प्राप्त हुनुको साथै काममा सहजता र सहयोग मिलेको छ। ऐच्छिक रुपमा गर्नु भएको यस थप सहयोगको उच्च मूल्यांकन गर्दै “सुप” कार्यसमिति उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं। साथसाथै भविष्यमा यस किसिमको सेवा भावना अविरल बनिरहोस् हाम्रो शुभ-कामना छ।



# सहयोगी सदस्य र छात्रवृत्ति कार्यक्रम

धनको हिसावले ठिकै भएपनि मनको साह्रै धनी र उद्धार ५० जना सहयोगी सदस्यहरूद्वारा र कोर इन्टर नेशनलको सहयोगमा सदा झै यस वर्ष (आ.व.२०७३/७४) मा पनि आर्थिक अवस्था कमजोर भएका जम्मा १५२ जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरी विद्यार्थीहरूको पढाईलाई निरन्तरता दिइएको छ। जसमा ६७ जना छात्र र ८५ जना छात्रा छन्। छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूले एस.एल.सी प्रवेशिका परीक्षामा सम्मिलित भई परीक्षामा सफल हुनु नै यो कार्यक्रमको सफल उदाहरण हो।

गत वर्ष (२०७२/७३) मा जम्मा १४४ जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिएकोमा जम्मा १४ जनाले एस.एल.सी परीक्षामा सम्मिलित भएका थिए। उक्त एस.एल.सी. परीक्षामा सम्मिलित भएका सबै विद्यार्थीहरू उर्त्तिण भएका छन्।

सहयोगी सदस्य, आफूले कुनै उपकारी काममा गरेको सहयोगको सही सदुपयोग हुँदा सहयोग गर्ने व्यक्तिलाई अपार आनन्द प्राप्त हुनु र सहयोगी हातहरू यस कार्यमा बढ्दै जानु हामीले स्वभाविक ठानेका छौं। यस कार्यलाई स्थिरता प्रदान गरिरहनु नै यस "सुप" संस्थाको जिम्मेवारी र दायित्व हो। तर "सुप"को एकल प्रयासबाट मात्र यो कार्य सम्भव छैन। यसका लागि विद्यार्थीहरूको लगनशीलता, सहयोगी सदस्यको उदार मन र "सुप"को प्रभावकारी अनुगमन जस्ता त्रिकोणात्मक समझदारीको जरुरी छ। यस किसिमको पवित्र काममा यहाँहरूको सेवाभाव अविरल बगिरहोस् यही सम्पूर्ण सहयोगी सदस्यहरूलाई हाम्रो शुभ-कामना छ।

विगतमा "सुप" संस्थाले कक्षा १० सम्म मात्र छात्रवृत्ति प्रदान गर्दै आएकोमा गत वर्ष २०७२ बैशाख १२ र २९ गते गएको विनासकारी भुकम्पबाट क्षति भई आफ्ना बालबालिकाहरूलाई पढाईमा निरन्तरता दिन नसकेका विद्यार्थीहरूका लागि "साप्लानिर"को सहयोगमा "सुप" संस्थाबाट +२ का १५ जना र स्नातक तहका २ जना गरी जम्मा १७ जनालाई छात्रवृत्ति प्रदान गरिएको छ। जसबाट ती १७ जना भाइबहिनीहरूले आफ्नो पढाईलाई निरन्तरता दिन सक्षम भएका छन् भने अभिभावकहरूले अलिकति भए पनि राहत महशूस गर्नु भई "सुप" संस्थालाई धन्यवाद व्यक्त गर्नु भएको छ।

यस वर्ष उर्त्तिण हुनु भएका सम्पूर्ण छात्र-छात्राहरूलाई "सुप" संस्थाको तर्फबाट हार्दिक बधाई तथा उज्जवल भविष्यकोलागि मंगलमय शुभ-कामना।

## "सुप" संस्थाद्वारा प्रदान गरिदै आएको छात्रवृत्ति कार्यक्रम अन्तर्गत २०७२ सालको (S.L.C) प्रवेशिका परीक्षामा उर्त्तिण हुनुभएका छात्र-छात्राहरूलाई

## हार्दिक बधाई !



डेभिड डंगोल
(3.25 – B+),
श्री सरस्वती निकेतन मा.वि., वन्दे, काठमाडौं
(सहयोगी सदस्य-डारिस बोट)



शीला श्रेष्ठ
(3.25 – B+),
नवयुग मा.वि, बसन्तपुर, काठमाडौं
(सहयोगी सदस्य- स्व. सानुमैयाँ मानन्धर)



राज कुमार खड्का
(3.20 – B+),
नील बाराही उ.मा.वि, टंकेश्वर, काठमाडौं
(सहयोगी सदस्य- कोर इन्टरनेशनल)



सृजना रेग्मी
(3.05 – B),
नील बाराही उ.मा.वि, टंकेश्वर, काठमाडौं
(सहयोगी सदस्य- कोर इन्टरनेशनल)



रिना गमाल
(2.95 – B),
श्री सरस्वती निकेतन मा.वि., वन्दे, काठमाडौं
(सहयोग - स्यान्डिनाभियन हेल्प डेनमार्क)



तारा थापा
(2.60 – C+),
नील बाराही उ.मा.वि, टंकेश्वर, काठमाडौं
(सहयोगी सदस्य- कोर इन्टरनेशनल)



पुजा सुनार
(2.60 – C+),
श्री सरस्वती निकेतन मा.वि., वन्दे, काठमाडौं
(सहयोगी सदस्य- इश्वरी श्रेष्ठ)



नेहा ढुंगाना
(2.45 – C+),
विश्व निकेतन उ.मा.वि, त्रिपुरेश्वर, काठमाडौं
(सहयोगी सदस्य- ग्रण्डसुले माम्मोलियन कक्षा ४)



डिलिशा डंगोल
(2.4 – C+),
श्री सरस्वती निकेतन मा.वि., वन्दे, काठमाडौं
(सहयोगी सदस्य- रघुराम श्रेष्ठ)



राज कुमार पाण्डे
(2.35 – C),
विश्व निकेतन उ.मा.वि, त्रिपुरेश्वर, काठमाडौं
(सहयोगी सदस्य- ग्रण्डसुले माम्मोलियन कक्षा ३)



कविता गौतम
(2.35 – C),
श्री सरस्वती निकेतन मा.वि., वन्दे, काठमाडौं
(सहयोगी सदस्य- Erika Yamashita)



इश्वरी डंगोल
(2.15 – C),
बाल सेवा मा.वि., भोछें, काठमाडौं
(सहयोगी सदस्य- एन्जला ग्रिज)



मिलिमा श्रेष्ठ
(2.10 – C),
श्री सरस्वती निकेतन मा.वि., वन्दे, काठमाडौं
(सहयोगी सदस्य- मिचिल्ले लि)



सुजिता मगर
(1.95 – C),
नील बाराही उ.मा.वि, टंकेश्वर, काठमाडौं
(सहयोगी सदस्य- कोर इन्टरनेशनल)

## विभिन्न विषयका तालिमहरू सम्पन्न

तालिमको दृष्किोणबाट यस वर्ष "सुप" संस्थाको लागि उपलब्धि मुलक नै रह्यो । "सुप" संस्थाको अगुवाइ तथा विभिन्न दात्री संस्थाको सहयोग तथा सहकार्यमा विभिन्न विषयका तालिमहरू विभिन्न चरणमा सम्पन्न गरियो ।



कोर इन्टरनेशनलको सहयोगमा २ वटा, GIZ को सहयोगमा ६ वटा र साप्लानिरको सहयोगमा १३ वटा १ दिने मनोसामाजिक पुर्नस्थापना तथा आघात न्यूनीकरण तालिम (Socio-Psycho Trauma Management Training) काठमाडौं, ललितपुर, र कीर्तिपुरका महिला समुहहरूलाई प्रदान गरियो भने संस्थाको कोष वृद्धि योजना अन्र्तगत १ वटा र कोर ईन्टरनेशनलको सहकार्यमा १ वटा आत्मबोध तथा अभिभावनकला (Tune Up and Art of Parenting) तालिम सम्पन्न गरियो । त्यसै गरि कोर इन्टरनेशनलकै साझेदारीमा २ वटा TRE (Trauma Release Exercise) र १ वटा ३ दिने नेतृत्व विकास तथा क्षमता अभिवृद्धि (Leadership and Capacity Building Training) तालिम विभिन्न संघ संस्थामा कार्यरत कर्मचारिहरूलाई प्रदान गरियो । उक्त तालिमहरूबाट करिब ९३० जना सदस्यहरू लाभान्वित भएका छन् ।



## "सुप" द्वारा संचालित बालशिक्षा गृह निरन्तर रूपमा संचालन

कोर इन्टरनेशनलको सहयोगमा बसाइँ सराइँ गरी आएका तथा निम्न आय भएका महिलाहरूको छोराछोरीहरूलाई लक्षित गरि काठमाडौंको तीन वटा छुट्टाछुट्टै ठाउँमा (वडा नं.१३, कालिमाटी, वडा नं.११ बंशिघाट र वडा नं.३५ जडिबुटि) "सुप"द्वारा बालशिक्षा गृह स्थापना गरि कोही पनि बालबालिकाहरू विद्यालय जानबाट बञ्चित नहोस् भन्ने उद्देश्य राखि विद्यालय जाने उमेर पुगेका तर विद्यालयमा पहुँच नपुगेका बालबालिकाहरूकोलागि अनौपचारिक बाल कक्षा विगत १० वर्ष देखि कालिमाटीमा, ३ वर्ष देखि जडिबुटीमा संचालन गर्दै आएको र २ वर्ष अगाडि देखि त्रिपुरेश्वरको वंशीघाटमा पनि निरन्तर रुपमा संचालन भइरहेकोछ।

हाल ३ वटा बालशिक्षा गृहमा जम्मा गरी ८५ जना बालबालिकाहरू अध्ययनरत छन् । यस बालशिक्षा गृहमा १ वर्ष स्कुल तयारी कक्षाहरू गराई अर्को वर्षमा सरकारी विद्यालयमा छात्रवृत्तिमा भर्ना गरि बालबालिकाहरूको पढाईलाई निरन्तर ता दिने कार्यहरू भई रहेको छ । बसाइँ सराइँ गरी आएका व्यक्तिहरूका छोराछोरीहरूलाई लक्षित कार्यक्रम भएकोले पढ्न आउने बालबालिकाहरूको संख्यामा उतार चढाब भईरहने गर्दछ। "सुप"कालागि यो कार्य संचालन गर्दा आई पर्ने प्रमुख चुनौति भन्नु नै यही हो । बालशिक्षा गृहबाट हालसम्म जम्मा ५४७ जना बालबालिकाहरूले पढ्न पाएका छन् भने वर्षेनी ४० देखि ४५ जना विद्यार्थीहरू विद्यालय भर्ना हुने गरेका छन् । यस वर्ष (तीन वटै बालशिक्षा गृहबाट गरि) पुरानो तथा नयाँ गरि जम्मा ८२ जना बालबालिकाहरूलाई कोर इन्टरनेशनलको सहयोगमा विद्यालयमा भर्ना गरि पढाईलाई निरन्तरता दिने कार्य गरियो ।










## आय आर्जन नै महिला सशक्तिकरणको मूल श्रोत

नेपालको कुल जनसंख्याको आधा भाग महिलाले ओगटेको हाम्रो देश नेपालमा महिलाहरूलाई सबल र सक्षम बनाउन महिला सशक्तिकरणका कार्यक्रम सरकारी तथा गैर सरकारी संस्था मार्फत् धेरै भएका छन्, तर कति सशक्तिकरण भएका छन् भन्ने कुरा अझै पनि प्रश्न चिन्ह कै रूपमा छ। तालिम र गोष्ठी धेरै हुन्छन्, तर परिणाम नगन्य मात्र देखिन्छ। जब महिला आफै आय आर्जनमा लाग्छन् तब मात्र सशक्तिकरण प्रक्रिया शुरु हुने रहेछ।

"सुप"बाट पनि महिला सशक्तिकरणकालागि तालिम, चेतनामूलक कार्यक्रम, आय आर्जन गर्ने सीप, साक्षरता कक्षा संचालन गरियो तर हामीले के शिक्षा हाँसिल गऱ्यौं भने जब सम्म महिला आफै ले आय आर्जनमा हात हाल्दैन त्यहाँ नाम मात्रको सशक्तिकरण हुने रहेछ भन्ने कुरा बुझियो र सिकियो पनि। आय आर्जनका कुरा पनि आफुसंग भएको सीपबाट शुरु गर्दा छिटो प्रतिस्थापित हुँदो रहेछ भन्ने कुरा गोफल माँपुचः क्याटरिङ्गबाट प्रमाणित हुन्छ। जब कुनै महिलाको आफ्नो नियमित कमाई हुन्छ, उसलाई आफ्नै लोग्नेले हेर्ने दृष्टिकोण पनि निकै फरक हुन्छ। आफ्नो कमाई नहुँदा प्रौढ कक्षा पढ्न गयो भनेर कान्छी ल्याउला भनि धम्काउने श्रीमान् आफ्नो श्रीमतीले कमाउन र श्रीमान्लाई समेत सहयोग गर्न सक्ने भएपछि तिमी काममा जाउ म खाना बनाई राख्छु भन्ने श्रीमान्हरू हाम्रा समाजमा निकै छन्। हामीले काम गर्ने स्थानमा पनि यस्ता उदाहरणहरू भेटिएका छन्।

महिलाहरू पनि आफ्नै आय आर्जन भएपछि आफूले बोलेको कुरालाई अरुले वास्ता गर्ने र आफूलाई पनि लागेका कुरा भन्न आँट बढ्ने गरेको र चारजना सामू बोल्न पनि आँट जागेको बताउँछन्। जब कुरा सुन्न थाल्छ तब भन्न नि मन लाग्छ र भनेको पनि मान्छ। पैसाको महत्त्व त आफ्नै कमाईमा हुँदो रहेछ भन्ने कुरा आय आर्जनमा लागेका महिलाहरू व्यक्त गर्छन् । अतः अरु केही गर्नु भन्दा पहिले आय आर्जको काम थालनी गरौं अनि मात्र अन्य कार्यमा लागौं, हामी आफै सबल होइन्छ।

## आर्थिक आत्मनिर्भरका लागि जैविक कृषि तालिम






शहरी गरीबहरूको लागि समाज (SOUP) को आयोजनामा कोर इन्टरनेशनलको सहयोगमा महिलाहरूलाई आय आर्जनमा सक्षम बनाउने उद्देश्यले शहरी क्षेत्रमा पहिलेदेखि कृषिमा निर्भर भई आएका महिला दिदीबहिनीहरूलाई थप चार महिने जैविक कृषि तालिम प्रदान गरि विषादी रहित तरकारी उत्पादनको लागि घरेलु जैविक विषादी बनाउने तरिका र विऊ राखेदेखि बाली नभित्रिएसम्म तरकारी बालीमा देखिने रोगकिराहरू पहिचान गरि कसरी शत्रुजीवहरूलाई व्यवस्थापन गरि वातावरण मैत्री कृषिबाली लगाउने भन्ने सम्बन्धमा यस वर्ष दुईवटा छुट्टाछुट्टै ठाउँमा (कीर्तिपुर वडा नं.६ र १२) गरि जम्मा ७० जना व्यवसायिक कृषि उद्यमीहरूलाई जैविक कृषि तालिम प्रदान गरियो । यस तालिममा पुरुषहरू पनि सहभागि थिए। यस तालिमबाट कृषकहरूले कम लगानीबाट धेरै उत्पादन गरि विषादीयुक्त स्वस्थ्य तरकारी विक्री वितरणबाट वातावरण स्वच्छ हुनुको साथसाथै पहिले भन्दा बढि आम्दानी गर्न सफल भएका छन्। यसरी धेरै महिलाहरू आर्थिक आत्मनिर्भरका लागि सवल वन्दै गइरहेका छन्।

## उत्सुक साना व्यापारीहरूको लागि जागरण बचत तथा ऋण समुह उपलब्धिमूलक बन्दै

विगत १० वर्ष अगाडि वि.सं. २०६३ सालमा ९ जना महिलाहरू जम्मा भई "सुप"को सहजीकरणमा महिला दिदीबहिनीहरूको आर्थिक उन्नतिका लागि शुरु भएको जागरण महिला समुह २०७३ साल असारसम्म आई पुग्दा ३३० जना सदस्य पुगेको छ। यस समुहको बचत रकम रु ३२,६३,२७७।- (बत्तिस लाख त्रिसठ्साठ्ठी हजार दुई सय सत्तहत्तर) जम्मा भईसकेको छ। बचत रकमबाट १०५ जना सदस्यहरूले रु.२३,३२,५०८।- रुपैयाँ ऋणलिई आफ्नो व्यवसायलाई बढाउँदै लगेका छन् । शुरुमा सानो व्यवसायबाट विस्तार गर्दै केही सदस्यहरू थोक विक्रेतासम्म भईसकेका छन्। विशेष गरी यस समुहका सदस्यहरू तरकारी भाग लगाई बेच्ने, सानो चिया खाजा पसल, दुध बेच्ने, फलफूल बच्ने व्यवसाय गर्छन् भने कोही भारी बोक्ने, लुगा धुने काम पनि गर्छन्। कालिमाटी, बल्खु र टेकू आसपास छरिएर बसेका यी सदस्यहरू आफ्नो व्यवसाय पनि सोही स्थानमा गर्छन्। आफ्नै समुहबाट ऋण लिई धेरै सदस्यहरूले आफ्नो व्यवसाय विस्तार गरी आय आर्जन राम्रो बनाएका छन् । शुरुमा आफ्नो बालबालिकाहरूलाई विद्यालय पठाउन नसकेर सुपको छात्रबृत्ति मार्फत् सरकारी विद्यालय पठाईरहेका ६५ जना अभिभावकहरूले अहिले आफ्नै खर्चमा निजी विद्यालयमा पढाउन सफल भएका छन्। यसरी महिला सदस्यहरूले जागरण महिला समुहलाई आफ्नो आय आर्जनको आधार तयार गरिदिने थलोको रुपमा लिएका छन्।



## राममाया अधिकारी



वि.सं.२०६० सालमा मकवानपुर जिल्ला टिस्टुङपालुङ्गबाट आमाबुबाको कामको सिलशिलामा काठमाडौं आएको १ वर्ष पछि १६ वर्षको उमेरमा उनको विबाह भएको थियो । विबाह पछि ३ जनाको आमा बनी घरायसी काममात्र गरेर बसेकी राममाया वि.सं.२०६७ सालमा जागरण समुहमा सदस्य हुनको लागि कवाडीमा सीसी पखाल्ने काम गरि रु.२५।- रुपैयाँ दैनिक बचत गरि २, ३ पटक ऋण लिदै तिर्दै आएकी थिइन् ।

हाल आएर वि.सं. २०७२ साल माघ महिनामा "सुप"द्वारा सहुलियत दरमा प्रदान गरेको चार पाङ्ग्रे गाडा रु.८०००।-मा ऋण स्वरुप लिएर टेकूमा विहान ३ घण्टा नास्ता (ग्वारामरी, आलुवः, पापड) पसल राखी पहिले कवाडीमा काम गर्ने भन्दा बढी कमाउन थाल्नु भएको कुरा बताउनु हुन्छ । उहाँ भन्नु हुन्छ, "अहिले मलाई यो कामबाट दैनिक रु.३५०।- जति नाफा हुन्छ । जसले गर्दा मलाई लिएको ऋण तिर्न र घरपरिवार चलाउन सहज भएको छ ।"

## सुनिता गोपाली



गरे के हुन्न र ! भन्ने कुरालाई चरितार्थ बनाउन सफल अर्को व्यक्ति सुनिता गोपाली हुन । थानकोट घरभई हाल कालिमाटी डेरागरी बस्ने सुनिता गोपाली कामकै खोजीमा आफ्नो बसाइँ सरेका हुन् । शुरुमा उनलाई दैनिक छाक टार्न नै धौ धौ थियो त्यसैले कुन काम गर्दा राम्रो हुन्छ भन्दै कामको खोजी गर्न थाले । उनीलाई सिलाई काम गर्ने इच्छा थियो साथै अलि अलि सिलाई सिकेका पनि थिए । त्यसैले उनीले आफनो आय आर्जनको श्रोत नै सिलाई काममा देख्न थाले । आफ्नो सिलाई मेशिन थिएन, किन्न पनि पैसा थिएन । त्यसैले उनीले एउटा पुरानो मेशिन दैनिक भाँडामा लिई रेडिमेड लुगा सिलाउन थाल्नु भयो । यसै कामलाई मुख्य पेशा बनाई जाने अठोट गरिन् र आफ्नै समुहबाट ऋणलिई ४ वटा मेशिन सहित एकजना माष्टर पनि हाले र उनले गर्दै आएको कामलाई विस्तार गर्दै लगिन् । हाल सबै काम सुनिता आफै गर्छिन् र अरु महिलाहरूलाई समेत काम दिन्छिन् । सिलाईको काम मात्र नभई अहिले उहाँले कपडा पनि बेच्नु हुन्छ जसले गर्दा उनको आम्दानी पनि राम्रो भएको छ । मिहेनत र लगनशील भयो भने जस्तोसुकै कठीन परिस्थितिमा पनि सफल उद्यमी भइन्छ भन्ने उदाहरण पस्कन सुनिता गोपाली सफल भईन् ।

## शहरी गरीबहरूको लागि समाज (SOUP)

सानेपा, साँचल-२, ललितपुर

### आ.ब. ०७२।७३ को वासलात बिवरण

| पूजी तथा दायित्व | यस वर्ष | गत वर्ष | सम्पती | यस वर्ष | गत वर्ष |
|---|---|---|---|---|---|
| सदस्य पूँजी कोष | ३४,२२०।०० | ३४,२२०।०० | स्थायी सम्पत्ति | ४८,४२,७०४।३४ | ४९,५९,८८२।१७ |
| गत बर्षको अल्या | ३६,१४,९३८।३३ | ३१,१४,४९२।५७ | अन्य सम्पति | २,७५,६५२।९३ | ४९,०००।०० |
| यस बर्षको | ४,७२,७७३।६६ | ५,००,४४५।७६ | नगद तथा बैक मौज्दात | २९,७६,६७२।७९ | २३,६७,१२२।८४ |
| भुक्तानी बाँकी | ३१,७८०५।०० | १,१६,५५७।६१ | | | |
| भवन निर्माण कोष | ३६,५५,२९३।०७ | ३६,१०,२८९।०७ | | | |
| | ८०,९५,०३०।०६ | ७३,७६,००५।०१ | | ८०,९५,०३०।०६ | ७३,७६,००५।०१ |

विद्यालक्ष्मी मानन्धर
कार्यक्रम व्यवस्थापक

श्रीकृष्ण महर्जन
कोषाध्यक्ष

महेन्द्र शाक्य
अध्यक्ष

उकुलाल महर्जन
लेखा परीक्षक

## लिएर पुग्दैन तर दिएर कहिल्यै रितिन्न

- गुजेश्वरी श्रेष्ठ

चलन चल्तीको कथन छ "जे रोप्यो त्यही फल्छ" हुन पनि असर्फी फूलको बोट रोपेर गुलाबको फूल फुल्छ भनेर अपेक्षा गर्नु त अपेक्षा गर्ने व्यक्ति कै भूल हो। यस्तो अपेक्षा कहिले साकार हुन नै सक्दैन। आफुलाई कसैको सहयोग, हाँसो, माया, आवश्यक छ भने शुरुमा आफैले अरूको निम्ति दिन सके मात्र आफूले पनि प्राप्त गर्न सकिन्छ। जुनसुकै कुरामा आफूले गर्न सक्ने भए गरी हालौं, त्यसमा आनन्द त आउँछ नै तर दिने मानिस कहिल्यै रितिन्न यो अनुभव मैले धेरै पटक गर्न पाएको हुँदा यहाँहरू समक्ष बाँड्न खोजेकी मात्र हुँ।

एक दिन को कुरो हो, मेरो छिमेकी भाउज्यू सानुमैया श्रेष्ठ हतारिदै मलाई बोलाउँदै भन्नु भयो "एउटा सारी भए दिनुस् न ! त्यही पर एक बटुवा महिलाको अचानक प्रसूती भएको छ, केही बेर्ने पनि छैन कति अप्ठ्यारोमा परेको छ।" मैले पनि को कहाँ भन्ने प्रश्न नै नगरी, केही नभनी एउटा सुतिको सारी दिई पठाएँ काम कसरी सकियो के भो मैले चासो राखिन। तर त्यसैको चौथो दिन मेरो पहिले देखि कै मित्र जो बराबर घर आउने जाने गर्थ्यो, आउनु भयो र एउटा राम्रो सारी उपहार भन्दै दिनुभयो। मलाई अचम्म लाग्यो मैले पुरानो सारी दिएको केही दिनमै नयाँ सारी उपहारको रुपमा पाएँ। हुन त त्यो साथी पुरानो थियो उपहार भने पहिलो र अन्तिम नै बन्यो। आवश्यक परेको मानिसलाई बिना हिचकिचाहट सहयोग गर्दा त्यसको असर सकारात्मक नै हुन्छ भन्ने मलाई महशुस भयो। दिएर रितिन्न बरु भरिन्छ भन्ने अनुभव मैले गर्न पाएँ।

"सुप"ले पनि शुरुमा एकजनालाई छात्रबृत्ति दिएर छात्रबृत्ति कार्यक्रम शुरु गरेका थियौं। "सुप"लाई सहयोग गर्ने हातहरू विस्तारै बढ्दै गयो "सुप"ले पनि सहयोग बढाउदै गए "सुप"लाई दिने सहयोगी हात झन् झन् बढ्दै गयो। परिणाम स्वरुप आज १६९ जनालाई छात्रबृत्ति दिन हामी सफल भएका छौ। व्यक्तिगत जीवनमा होस्, या संस्थागत कार्यमा होस, स्वच्छ मनले काम गर्न सक्नु पर्दछ, दिएर रितिन्न बरु भरिन्छ।

अरुको मुस्कानको अपेक्षा गर्नु भन्दा पहिले आफ्नै मुस्कान दिदा सबैबाट मुस्कान प्राप्त गर्न सकिन्छ। आफैले दुईहात जोडेर नमस्कार गर्दा, नमस्कार नै फर्किन्छ। अपेक्षा अरुबाट होईन आफैले शुरु गरौं किनकी अरुलाई गराउन गाह्रो हुन्छ आफ्नो वसमा नि हुदैन। आफैले गर्न सजिलो हुन्छ, कसैको अनुमति लिन नि पर्दैन। परिस्थिति बदल्न आफ्नै मनस्थिथि बदल्न सकेमात्र परिस्थितिलाई सकारात्मक बनाउन सकिन्छ। जति जति तपाईले दिन खोज्नु हुन्छ, त्यो भन्दा बढी नै तपाईले पाउनु हुन्छ, यो पक्का हो। दिएर कहिले सकिन्न, अभ्यास गरौं, परिणाम हेरौं। नपत्याए दिएर हेर्नास् त ! धन्यवाद !!

## सामुदायिक केन्द्रका गतिविधिहरू

सामुदायिक केन्द्रका गतिविधिहरू

1. Early Childhood Development ECD Program
2. After School Program (ASP)








### 1. Early Childhood Development ECD Program

INCLUDED को साझेदारीमा का.म.न.पा.वडा नं. ३५, जडिबुटिमा विभिन्न स्थानबाट बसाईं-सराई भई आएका शहरी गरीब महिलाहरूलाई लक्षित गरि उहाँहरूको आय आर्जन कार्यमा सहयोग होस् भन्ने उद्देश्यले सामुदायिक केन्द्रको स्थापना गरि शिशु स्याहार कार्यक्रम र ASP कार्यक्रम गर्दै आएको छ।

महिलाहरूको आर्थिक सशक्तिकरण गर्ने उद्देश्यले काममा आवद्ध महिलाहरूको २ वर्ष देखि ५ वर्षसम्मका बालबालिकाहरूलाई हेरविचार गरी आमाहरूलाई काम गर्न जाने अवसर प्रदान गर्ने लक्ष्यका साथ वि.सं. २०७१ साल पौष १ गतेदेखि विहान १०:०० बजेदेखि साँझ ५:०० बजेसम्म दिनको तीनपटक पौष्टिक आहारका साथै विभिन्न बौद्धिक विकासका क्रियाकलापहरुद्वारा वार्षिक जम्मा ३३ जना शिशुहरूलाई संलग्न गरि कार्यक्रम गर्दै आएको छ। जसबाट हाल २५ जना आमाहरूले दैनिक रूपमा काम गर्ने मौका पाएका छन्।

शुरु देखि हाल सम्म जम्मा ८४ जना बालबालिकाहरू भर्ना भई सकेका छन् भने ५० जना विद्यालय भर्ना भई सकेका छन्।

## 2. After School Program (ASP)

सन् २०१४ सेप्टेम्बर महिनादेखि INCLUDED को साझेदारीमा विद्यालयका कक्षा पश्चात २ घण्टाको लागि जम्मा ३० जना विद्यार्थीहरूका लागि विद्यालय सहयोगी कक्षा (ASP) संचालन गरि विद्यार्थीहरूको पढाईमा सहयोग गर्ने देखि लिएर विभिन्न अतिरिक्त क्रियाकलापका साथ संचालन भई रहेको छ । यस कार्यक्रमबाट विद्यार्थीहरूको बौद्धिक विकासका साथै बानी व्यहोरामा समेत परिवर्तन भै विद्यालयमा नियमित जाने गरेको पाइएको छ ।






## समन्वयात्मक बैठक सम्पन्न

वि.सं. २०७३ बैशाख १३ गते सोमबार "सुप"को आयोजनामा हालसम्मको प्रगति विवरण प्रस्तुतीकरण सहित समन्वयात्मक बैठक सम्पन्न गरियो । "सुप"को समन्वय तथा सहकार्यमा काम गरिरहेका संस्थाहरू तथा सम्बन्धित स्थानीय सरकारी संस्थाहरूलाई आमन्त्रण गरी उक्त बैठक आयोजना गरिएकोमा काठमाडौं महानगरपालिका वडा नं ११, १३ र ३५ का प्रशासकीय प्रमुखज्यूहरू, काठमाण्डौ महानगरपालिका समाज कल्याण विभागका प्रतिनिधि, कीर्तिपुर नगरपालिकाका सामाजिक विकास अधिकृत, ललितपुर जिल्ला प्रशासनका प्रतिनिधि, "सुप" संग आवद्ध संघ-संस्थाहरूका र विद्यालयहरूका प्रतिनिधिहरू तथा "सुप" साझेदारी संस्थाको प्रतिनिधिहरू लगायत "सुप"को चारवटै सेन्टरका प्रतिनिधिहरूले यस बैठकमा सहभागी भएका थिए ।

उक्त बैठकमा "सुप"को हालसम्मको प्रगति प्रतिवेदन "सुप"को कार्यक्रम व्यवस्थापकले प्रस्तुत गर्नु भएको थियो । त्यसपछि विभिन्न प्रतिनिधिहरूले आ-आफ्नो क्षेत्रबाट "सुप"लाई काम अझ प्रभावकारी बनाउन सुझावहरू दिदै निकट भविष्यमा पनि सहकार्यलाई निरन्तरता दिई रहने बताए । जि.वि.स.काठमाडौंबाट आउनु भएका वरिष्ठ सामाजिक परिचालक



श्री दिपक कुमार के.सी.ज्यूले पनि सरकारी निकायमा गैर सरकारी संस्थाले किन र कसरी समन्वय राख्ने भन्ने सम्बन्धमा राम्रोसंग प्रष्ट पार्नु भयो । जसले गर्दा आगामी दिनमा सरकारी निकायसंग समन्वय गर्न सजिलो हुनेछ भन्ने विश्वास लिएका छौं ।

## सहयोगी सदस्यहरूको फोटो परिचय


बिमला लामा


बिमा महर्जन


अनिता शाह


हिसिला तुलाधर


कुसुम बज्राचार्य


शारदा तुलाधर


उषा श्रेष्ठ

ज्यापु पुचः मिसाकवः

ज्यापु पुचः मिसाकवः

FUZZ FACTORY PRODUCTIONS

Fuzz Factory Production